नेपाली राजदूतावास, बैंकक

## कम्बोडियामा राहदानी नवीकरण शिविर सञ्चालन हुने सम्बन्धी सूचना!!!

कम्बोडियामा बसोबास गर्दै आउनुभएका नेपालीहरूलाई लक्षित गर्दै नेपाली राजदूतावास, बैंककले देहायको स्थान, मिति र समयमा शिविरमार्फत राहदानी नवीकरण गर्ने कार्यक्रम तय भएको हुँदा आवश्यक सेवा लिन राजदूतावास सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ।

### शिविर आयोजना हुने स्थान,मिति र समय:

- स्थानः NRNA NCC को कार्यालय, Phnom Penh, Cambodia
- मितिः शनिबार, ३१ मे २०२५,
- समयः बिहान १० बजेदेखि साँझ ६ बजेसम्म।

### विद्युतीय राहदानी (e-Passport) नवीकरणका लागि आवेदन दिने तरिका:

- **https://emrtds.nepalpassport.gov.np/** मा गई राहदानीका लागि अनलाइन आवेदन फाराम भर्नुपर्नेछ।
- फाराम भर्दा **Appointment Location** मा **NE, Bangkok** छानी Appointment मिति र समय छनौट गर्नु पर्नेछ।
- तोकिएको मितिमा समय उपलब्ध नभएमा उपलब्ध मध्ये कुनै पनि मितिमा Appointment मिति र समय छनौट गरी फाराम भर्न सकिनेछ। जुनसुकै मितिको Appointment लिई फाराम भरेको भएतापनि शिविरबाट सेवा उपलब्ध गराइनेछ।
- Appointment Date and Time छनौट गरी सम्पूर्ण विवरण भरिसकेपछि अन्त्यमा barcode सहितको PDF फाराम download गर्नु पर्नेछ। (डाउनलोड गरिएको फारामको दाँयापट्टि छेउमा र bottom मा बारकोड रहेको देख्न सकिनेछ।)
- उक्त बारकोड सहितको फारामको Scanned **PDF** copy, राहदानी र नागरिकताको फोटोकपी attach गरी २०२५ मे २८ अगावै Verification का लागि दूतावासको इमेल ठेगानामा nepalpassportbkk@gmail.com मा इमेल पठाउनु पर्नेछ।
- Verification नभएका फारामहरूबाट शिविरमा सेवा उपलब्ध गराइने छैन।
- डाउनलोड गरिएको फारामको प्रिन्ट प्रति तथा अन्य आवश्यक कागजातसहित माथि उल्लेखित मिति, स्थान र समयमा आवेदक स्वयम् उपस्थित हुनुपर्नेछ।

### आवश्यक कागजातहरू:

- सक्कल नागरिकता र राहदानी।
- नाबालकको हकमा नाबालक परिचयपत्र तथा बाबु र आमाको नागरिकता, राहदानी र विवाहदर्ता प्रमाणपत्र।
- राहदानी हराई नयाँ बनाउन आवेदन दिनेहरूले माथीका कागजातका अतिरिक्त Police Report समेत।
- **https://emrtds.nepalpassport.gov.np/** मा रीतपूर्वक भरिएको अनलाईन फारामको बारकोड सहितको प्रति।

### राजस्व:

- १० वर्ष मुनिका नाबालकका लागि ४० अमेरिकी डलर,
- १० वर्ष माथीका सबैका लागि ८० अमेरिकी डलर,
- हराएको/च्यात्तिएको/जलेको राहदानीका लागि १२० अमेरिकी डलर

### स्थानीय सम्पर्क व्यक्तिहरू:

- Mr. Lal Singh Khadka, President, NRNA Cambodia, Mobile No: +855 93203666
- Mr. Shiva Raj Parajuli, Vice President, NRNA Cambodia, Mobile No: +855 12215578

### थप जानकारीका लागि राजदूतावासको इमेल ठेगानामा मेल गर्नसक्नुहुनेछ:

Email: nepbkk2@gmail.com, nepalpassportbkk@gmail.com